सिम्रौनगढ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ संख्या: ३ मिति: २०८१/१२/३१

**भाग-२**

**सिम्रौनगढ नगरपालिका, बारा, मधेश प्रदेश**

## सिम्रौनगढ नगरपालिका लैङ्गिक हिसां निवारण कोष सञ्चालन कार्यविधि, २०८१

**नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/१२/३१**
**नगर प्रमुखबाट प्रमाणिकरण मिति: २०८१/१२/३१**

५

# "सिम्रौनगढ नगरपालिका लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना :**
लैंगिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनस्थापना गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई प्रभावितहरुलाई क्षतिपूर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैंगिक समानता कायम गर्न सहयोग पुग्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ र लैगिंक हिंसा निवारण कोष (दोस्रो संशोधन) नियमावली २०७६ को मूल नियमावलीको नियम ३ख ले दिएको अधिकार प्रयोग गरी सिम्रौनगढ नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "सिम्रौनगढ नगरपालिका लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेपछि लागू हुनेछ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(१) "कार्यालय" भन्नाले सिम्रौनगढ नगरपालिका कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(२) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ।

(३) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ।

(४) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानीय स्तरको लैङ्गिक हिंसा निवारण, तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ।

(५) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

(६) "नियमावली" भन्नाले लैंगिक हिंसा निवारण कोष संचालन २०६७ र लैगिक हिंसा निवारण कोष संचालन (दोस्रो संशोधन) २०७६ सम्झनुपर्छ।

(७) "कार्यविधि" भन्नाले सिम्रौनगढ नगरपालिकाले जारी गरेको लैगिक हिसा निवारण कोष संचालन कार्यविधि २०८१ सम्झनु पर्छ।

## परिच्छेद २
## कोषको स्थापना, उपयोग, सञ्चालन तथा व्यवस्थापन

**३. कोषको स्थापना :**

(१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम ,

(ग) नगरपालिकाले कोष परिचालनका लागि छुट्टयाएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**४. कोषमा रकम जम्मा गर्ने :** महिला तथा बालबालिका हक हितको क्षेत्रमा नेपाल भित्र कार्यरत गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको मन्त्रालयले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५. कोषको उपयोग :**

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि व्यवसाय स्थापना खर्च रकम अनुदान (बीउ पुजी)को रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन।

(ज) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा ।

(झ) सीप विकासमूलक तालिम सञ्चालन गर्न।

(२) उपदफा (१) मा जुनसुकै क्रा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**७. स्थानीय तहमा तत्काल उद्धार तथा राहत समितिको गठन :**

(१) लैगिक हिंसा निवारण कोष संचालन ( दोस्रो संशोधन ) नियमावली २०७६ नियम २ को उपनियम २ खण्ड गा १ वमोजिम कोषको संचालन तथा व्यवस्थापन गर्ने कामकाजका लागि एक स्थानीय तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) समितिको गठन देहाय वमोजिम हुनेछ ।

(क) न्यायिक समिति संयोजक - संयोजक
(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(ग) स्वास्थ्य महाशाखा प्रमुख - सदस्य
(घ) नगर प्रहरी प्रमुख - सदस्य
(ङ) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै.स.स.मध्येबाट स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोकेको प्रतिनिधि २ जना - सदस्य
(च) ईलाका प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य
(छ) एकद्वार संकट व्यवस्थापन केन्द्रका प्रतिनिधि- सदस्य
(ज) महिला तथा वालवालिका शाखा प्रमुख — सदस्य/सचिव

**८. समितिको काम कर्तव्य स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

(क) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने।
(ख) राहत तथा आर्थिक सहयोग सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने गराउने।
(ग) लैगिंक हिंसा हुन नदिनका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने
(घ) स्थानीय स्तरमा लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु वीच समन्वय गर्ने ।
(ङ) स्थानीय स्तरमा लैगिक हिंसामा परेका महिला, किशोरी तथा वालवालिकाको तत्काल उद्धार तथा संरक्षण गर्ने
(च) नगर क्षेत्र भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,
(छ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने।
(ज) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।
(झ) लैङ्गिक हिसां सम्बन्धी परेका मुद्दामामिलाई ईलाका प्रहरी कार्यालय वा महिला सेलबाट नगरपालिकाको कार्यालयले प्रमाणीकरण गराई मात्र सुनुवाई गर्ने वा गराउने।

**९. समितिको बैठक**

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(ग) समितिको बैठक वस्नु भन्दा कम्तीमा २४ घण्टा अगाडि समितिका सदस्य सचिवले बैठकमा छलफल हुने गरी कार्यसुची सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।
(घ) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।
(ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।
(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।
(छ) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(ज) समितिको बैठक सम्वन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **कोषमा रकम उपलब्ध गराउनेः** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि नगरपालिकाले कोषको नाममा रकम निकासा गरिदिनेछ ।

## परिच्छेद ३
## वित्तीय व्यवस्थापन

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजा रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) संग समन्वय गरी अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर वस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँमा र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयामा नवढ्ने गरी लागेको यथार्थ उपचार खर्च। पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खान खर्च उपलब्ध गराउन सकिनेछ

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेका यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके वमोजिमको अन्य कामको लागि प्रकृति हेरी वढीमा दश हजार रुपैया सम्म दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई थप दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुची (१) वमोजिमको ढाँचामा समितिमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर समितिले जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा ११ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको संयोजकले सो प्रयोजनका लागि कोषबाट पचास हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ

(२) उपदफा (१) वमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ ।

**१४. थप रकम निकासा माग गर्न सक्ने :**

(१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई नगरपालिका तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसंग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले समितिको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ। लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रीय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

## परिच्छेद ४
## विविध

**१५. छुटै खाता खोल्नु पर्ने :** स्थानीय तहले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै 'क' वर्गको वाणिज्य बैंकमा छुटै खाता खोली जम्मा गर्नु पर्नेछ।

**१६. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको खाता कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ।

(२) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(३) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१७. आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**१८. प्रतिवेदन पेश गर्नेः**

(१) समितिले प्रत्येक चौमासिक तथा वार्षिक रुपमा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगर कार्यपालिका र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१९. बैठक भत्ता :** समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोकिए बमोजिमको बैठक भत्ता वापत पाउनेछन्।

**२०. निर्देशन दिन सक्ने :**

(क) नगर कार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दि सक्नेछ।

(ख) उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्न समितिको कर्तव्य हुनेछ।

**२१. खारेजी र बचाउ :** उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारवाही प्रचलित कानुन बमोजिम बाझिने भए बाझिनेको हदसम्म अमान्य हुनेछ।

अनुसूची

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

श्री संयोजक ज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति,
सिम्रौनगढ नगरपालिका।

म.............मा बस्ने वर्ष...........को...............मिति..................मा लैङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । उपर लैङ्गिक हिंसा.................................भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी, उपचार/कानुनी सहायता,परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य........................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको:-
नाम, थर .................
ठेगाना ..................
दस्तखत ...................
मिति ...............

**आज्ञाले,**

नामः हरिओम प्रसाद जयसवाल
पदः प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८१/१२/३१